"Access to All"

173836

# गरिमा विकास बैंक लिमिटेड
# Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

च.नं : ग.वि.बैं.लि./२०८२/०८३/१२३ मिति २०८२/०७/२८

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
युएनआई शान्तिमार्ग, काठमाण्डौं ।

विषयः **उन्नाइसौं वार्षिक साधारण सभाको निर्णयको जानकारी सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा, यस विकास बैंकको उन्नाइसौं वार्षिक साधारण सभा मिति २०८२ कार्तिक २७ गते विहीबारको दिन होटल पोखरा ग्राण्ड, पोखरा, कास्कीमा सम्पन्न भयो । सञ्चालक समितिको तर्फबाट उक्त साधारणसभामा प्रस्तुत निम्नानुसारका प्रस्ताव उपर छलफल भई सम्पूर्ण प्रस्तावहरु पारित भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु । साथै, उन्नाइसौं वार्षिक साधारणसभाबाट भएका निर्णयहरुको विस्तृत विवरण सहितको माइन्युट पछि पेश गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध गर्दछु ।

**तपसिल**

**क. वार्षिक साधारणसभाबाट पारित भएका सामान्य प्रस्तावहरु**

१. आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको विकास बैंकको २०८२ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०८१/०८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, नाफा-नोक्सान बाँडफाँड हिसाब, इक्वीटीमा भएको परिवर्तन लगायत वार्षिक वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको प्रस्ताव बमोजिम हाल कायम चुक्ता पूँजी रु.५,६८,०५,१७,३२७।५७ (अक्षरेपी पाँच अर्ब अठसट्ठी करोड पाँच लाख सत्र हजार तीन सय सत्ताईस र पैसा सन्ताउन्न मात्र) को ४.५३ प्रतिशत ले हुन आउने रकम रु.२५,७३,२७,४३४।९४ (अक्षरेपी पच्चिस करोड त्रिहत्तर लाख सत्ताईस हजार चार सय चौतिस र पैसा चौरानब्बे मात्र) नगद लाभांश (प्रस्तावित बोनस शेयर र नगद लाभांशको कर सहित) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

४. आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण कार्य गर्नका लागि लेखापरीक्षक नियुक्त गर्न वार्षिक साधारण सभामा सिफारिस भई आएका लेखापरीक्षक फर्म/कम्पनीहरुमध्येबाट जोशी एण्ड भण्डारी चार्टड एकाउन्टेन्ट्स डिल्लीबजार, काठमाण्डौ लाई लेखापरीक्षक नियुक्त गर्ने निर्णय भएको ।)

**ख. वार्षिक साधारणसभाबाट पारित भएका विशेष प्रस्तावहरु**

१. संचालक समितिको प्रस्ताव तथा नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम हाल कायम चुक्ता पूँजी रु.५,६८,०५,१७,३२७।५७ (अक्षरेपी पाँच अर्ब अठसट्ठी करोड पाँच लाख सत्र हजार तीन सय सत्ताईस र पैसा सन्ताउन्न मात्र) को ६ प्रतिशतले हुन आउने रकम रु.३४,०८,३१,०३९।६५ (अक्षरेपी चौतिस करोड आठ लाख एकतिस हजार उनन्चालिस र पैसा पैसट्ठी मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. विकास बैंकको हाल कायम अधिकृत पूँजी वृद्धि गरी रु.६,१०,००,००,०००/- (अक्षरेपी छ अर्ब दश करोड मात्र) कायम गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २, लाजिम्पाटबाट

Garima Bikas Bank Limited Head Office: Lazimpat, Kathmandu

Head Office : Kathmandu-2, Lazimpat, Ph.: 01-4545424/25/26/27/28/30, Toll Free No.: 16600145444, Call Center No. 015970179
URL: www.garimabank.com.np, Email : info@garimabank.com.np

काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३, बालुवाटारमा स्थानान्तरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४. विकास बैंकको छाप तथा लोगो परिवर्तन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५. संचालकहरुलाई प्रदान गरिने बैठक भत्ता तथा टेलिफोन, पत्रपत्रिका र इन्टरनेट खर्च बापत प्रदान गरिने रकम बृद्धि गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

६. गरिमा विकास बैंक लिमिटेडले अन्य ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था (हरु) गाभ्ने (Merger) तथा अन्य बैंक तथा वित्तीय संस्था(हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमति-पत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गर्ने मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न र निजबाट बैंकको सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गराउने तथा गाभ्ने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी गाभ्ने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

७. विशेष प्रस्ताव नं. १, २, ३, ४ र ५ पारित भए बमोजिम हुने गरी विकास बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

८. विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधनसँग सम्बन्धित कार्यहरु स्वीकृतिको क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतका संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**ग. विविध-** कुनै प्रस्ताव नरहेको ।

बोधार्थः

१. श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।

२. सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।

Garima Bikas Bank Limited
Head Office: Lazimpat, Kathmandu

भवदीय,

अनिल रेग्मी

कम्पनी सचिव/नायब प्रमुख कार्यकारी अधिकृत